**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 01.12.2024**

## Hornbill Festival:

२५औँ हर्नबिल महोत्सवको उद्घाटनसँगै नागाल्याण्डको नागा संस्कृति सम्पदा गाउँ **किसमा** जगमगाएको छ। सिक्किम सरकार र तेलङ्गाना सरकार साझेदार राज्यका रूपमा सहभागी रहेको यस वर्षको उत्सवले नागाल्याण्डको समृद्ध संस्कृति र सम्पदाको सौन्दर्य प्रदर्शन गर्नेछ। उत्सव स्थलमा विभिन्न राज्य र साझेदार देशहरूको प्रतिनिधित्व गर्ने जीवन्त स्टलहरूको स्थापना गरिनुका साथै अन्य गतिविधिहरूको रमझम छ। सिक्किमबाट अधिकारीवर्ग, स्वयं सहायता समूहहरू र पर्यटन प्रतिनिधिहरू सहितको टोलीले कार्यक्रमका लागि सक्रिय रूपमा तयारी गरेको छ। साथै, सिम्फेडका अध्यक्ष श्री तेन्जिङ दोर्जी भोटियाका नेतृत्वमा पनि सिक्किमका एक टोली प्रसिद्ध हर्नबिल महोत्सवमा सहभागी हुन नागाल्याण्डतर्फ प्रस्थान गरेको छ। नागाल्याण्डमा वार्षिक रूपमा मनाइने हर्नबिल महोत्सव, पूर्वोत्तर भारतको संस्कृति, परम्परा र एकताको जीवन्त प्रदर्शन हो। यस वर्ष, SIMFED ले यस प्रतिष्ठित कार्यक्रममा सिक्किमको छविलाई प्रतिनिधित्व गर्ने र यसका अद्वितीय उत्पादन र सम्पदालाई प्रवर्धन गर्ने स्टल स्थापना गरेको छ। महोत्सवले सांस्कृतिक आदानप्रदानलाई बढावा दिने र स्थानीय व्यवसायहरूलाई समर्थन गर्ने मञ्च प्रदान गर्दछ, र सिम्फेडको संलग्नताले सिक्किमको पहिचानलाई ठूलो मञ्चमा प्रदर्शन गर्ने आफ्नो प्रतिबद्धतालाई प्रकाश पार्दछ।

## CM Foundation Stone

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज बिहान ही पातालमा कुन्जाङ छोखोर्लिङ गुम्बाको शिलान्यास गर्नुभयो। एक घण्टासम्म चलेको यस समारोहमा आठवटा शुभ स्तूपको अभिषेक गरियो। कार्यक्रममा मुख्यमन्त्रीले गुम्बा समितिका सदस्यहरूसँग भेटघाट गरी यस क्षेत्रको आध्यात्मिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण कदम चालिएको बताउनुभयो। उहाँसँग क्याबिनेट मन्त्री, विधायक र अन्य अधिकारीवर्ग उपस्थित थिए। मुख्यमन्त्रीले रापने अर्थात् आठ शुभ स्तूपको प्राण-प्रतिष्ठा समारोह र गेजिङ जिल्लाको हि पातालमा रहेको कुनजाङ छोखोरलिङ गुम्बाको शिलान्यास समारोहमा महामहिम सर्दुप डुङजिङ रिन्पोछेका उपस्थितिमा सहभागी हुन पाउँदा आफूलाई गर्वित महसुस भएको बताउनुभयो। यो गुम्पा पूरा भएपछि, हाम्रो राज्यको आध्यात्मिक समृद्धिमा सुनमा सुगन्ध हुने  पनि उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, हाम्रो आध्यात्मिक उन्नतिका यात्रामा यस उल्लेखनीय प्रगतिमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण क्षेत्रवासीलाई म हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

## CM-World AIDS Day

साथै, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले हरेक वर्ष डिसेम्बमर १ मा मनाइने विश्व एड्स दिवसका अवसरमा, यस दिवसले एचआईभी-एड्सबारे सचेतना जगाउन, विश्वव्यापी प्रगति झल्काउन, र यो रोग उन्मूलन गर्न आवश्यक कार्यहरू पहिचान गर्ने एक महत्त्वपूर्ण सम्झौटोका रूपमा कार्य गर्दछ भन्नुभएको छ। उहाँले भन्नुभयो, यस

अवसरमा म सबैलाई HIV/AIDS विरुद्धका लडाइँमा काँधमा काँध मिलाउन आग्रह गर्दछु। उहाँले मानिसहरूलाई एचआईभीलाई रोकथाम र उपचार गर्न सकिन्छ भनेर सिकाउन आवश्यक रहेको र साथै HIV सँग जुधिरहेका व्यक्तिहरूको जीवनलाई असर गरिरहने कलङ्कलाई मेटाउनु पनि उतिकै महत्त्वपूर्ण छ किनकि यसले हेरचाह र सहयोग पुऱ्याउनमा अवरोध सिर्जना गर्दछ भन्नुभयो। उहाँले थप भन्नुभयो, हामी एचआईभी सङ्क्रमण अन्त्य गर्ने र एचआईभी सङ्क्रमित व्यक्तिहरूलाई अटुट सहयोग प्रदान गर्ने आफ्नो प्रतिबद्धतालाई नवीकरण गर्न यस दिनलाई सदुपयोग गरौँ। म नागरिक समाज, शिक्षाविद् र सञ्चारमाध्यमहरूलाई रोकथाम र बुझाइलाई बढावा दिन जनतालाई शिक्षित गर्नमा महत्त्वपूर्ण भूमिका खेल्न अपील गर्दछु। साथै, साँचो र सामुहिक प्रयासद्वारा, हामी यस रोगलाई नियन्त्रण गरेर स्वस्थ र दह्िलो सिक्किम निर्माण गर्न सक्छौँ।

## Health Minister-STNM Visit

राज्यका स्वास्थ्य मन्त्री श्री जीटी ढुङ्गेलले रम्फू नजिकै भर्खरै भएको बस दुर्घटनाका पीडितहरूलाई भेट्न गान्तोकस्थित एसटीएनएम अस्पतालको भ्रमण गर्नुभयो। भ्रमणका क्रममा मन्त्रीले पीडित परिवारप्रति समवेदना प्रकट गर्दै, घाइतेहरूलाई आवश्यक सबै स्वास्थ्य उपचार राज्य सरकारले निःशुल्क उपलब्ध गराउने बताउनुभयो। पछिल्लो अपडेट अनुसार, त्यस दुःखद दुर्घटनामा मृत्यु हुनेको संख्या सात पुगेको छ भने अन्य धेरै गम्भीर रूपले घाइते भएका छन्।

## AID Day-Marathon

विश्व एड्स दिवस 2024 का अवसरमा आज सिक्किम राज्य एड्स नियन्त्रण बोर्डद्वारा "सही बाटो लिनुहोस्" विषय अन्तर्गत म्याराथन आयोजित गरियो। म्याराथन देवरालीबाट सुरु भई एमजी मार्गमा टुङ्गिएको थियो। म्याराथनमा कुल चार सय जनाले भाग लिएका थिए।